HIGHLIGHTS LIFE CHRIST
NEPALI
#1



# प्रभु येशू ख्रीष्टको जीवनका विशेषताहरू

१

## प्रभु येशू ख्रीष्ट—परमेश्वरको महान वरदान

- उत्तम वरदान
- परमेश्वरको प्रतिज्ञा
- स्वर्गदूत र मरियम
- मरियम र इलिशिबा
- स्वर्गदूत र यूसुफ
- बेतलेहेममा येशूको जन्म

## तपाईंलाई हार्दिक स्वागत छ ।

प्रिय विद्यार्थी,

इण्टरनेशनल करेसपोण्डेन्स इन्स्टिट्यूटको परिवारमा हामीहरू तपाईंलाई हार्दिक स्वागत गर्दछौं। हामीलाई आशा छ कि प्रभु येशू खीष्टको अद्‌भुत जीवन र शिक्षा माथि आधारित यो पाठ्यक्रम तपाईंको निम्ति लाभदायक हुनेछ। यो पाठ अध्ययन गरी सकेपछि तपाईंले आफ्नो नाम, पूरा ठेगाना, प्रवेश पत्रमा दिइएको सूचना सहित लेखेर आफ्नो प्रश्नको उत्तर "उत्तर पृष्ठ"मा लेखेर जाँचको निम्ति कृपया हामीहरूकहाँ पठाउनु होला। हामीहरूलाई यी कुराहरू पठाउँदा ठीक पैसाको डाँक टिकट खाममा टाँस्न नभुल्नु होला। जाँच पछि तपाईंले प्राप्त गर्नु भएको अंकको साथमा दोस्रो र तेस्रो पाठ पठाइनेछ। सफलतापूर्वक यी ६ वटा पाठहरू तपाईंले अध्ययन गरिसकेपछि तपाईंलाई एउटा सुन्दर प्रमाण-पत्र पनि पठाइनेछ।

## उत्तम वरदान



यदि तपाईंलाई असल कुराहरूमध्ये कुनै एक कुरा रोज्ने मौका मिल्यो भने तपाईं के रोज्नु हुन्छ ? शायद कतिले धन रोज्छन् होला, अरू कतिले स्वास्थ्य, खुशियाली या मित्रता रोज्ने इच्छा गर्छन् होला, जुन कुराहरू धन-सम्पत्तिले प्राप्त गर्न सकिंदैन।

शायद तपाईं यस्तो आनन्द चाहनु हुन्छ होला जस्को कहिल्यै अन्त हुँदैन। तर कसरी तपाईं सधैंको निम्ति जीवित रहन सक्नु हुन्छ र ? तर यो कुरालाई विश्वास गर्नुहोस् कि तपाईंलाई सृष्टि गर्ने र जीवन दिने व्यक्तिले मात्र तपाईंलाई अनन्त जीवन र आनन्द दिन सक्नु हुन्छ।

अनन्त आनन्द पाउनु हाम्रो इच्छा माथि आधारित छैन। परमेश्वरले तपाईंलाई यस्तो प्रेम गर्नुहुन्छ कि उहाँले आफ्नो पुत्र प्रभु येशू खीष्टलाई तपाईंको मित्र हुनको लागि पठाउनु भयो। जसले प्रभु येशू खीष्टलाई विश्वास गरेर उहाँलाई ग्रहण गर्दछ उसले अनन्त आनन्द पाउनेछ। यसैले प्रभु येशू खीष्ट तपाईंको निम्ति उत्तम वरदान हुनुहुन्छ।

आई. सी. आई. पो. अ. ब. ४१६
काठमाडौं

# उत्तर पृष्ठ

तपाईंको नाम..................................................................

पूरा ठेगाना.................................गा.पं...............................

वडा नं........ हुलाक..................................................................

जिल्ला.............................................अञ्चल...................

उमेर........ व्यवसाय........................ शैक्षिक योग्यता...............

धर्म..................... लिङ्ग.................. मिति........................

## 'प्रभु येशूको जीवनका विशेषताहरू'

उत्तर पृष्ठ पाठ एक

ठीक उत्तरको अघि यस्तो (✓) चिन्ह लगाउनुहोस्।

१. तपाईं कुन इनाम चाहनुहुन्छ?
...................क. धन-सम्पत्ति
...................ख. लोकप्रियता
...................ग. यस्तो मित्र जसले तपाईंलाई अनन्त आनन्द दिन सक्नुहुन्छ।

२. कुन धर्मशास्त्रमा परमेश्वरले मुक्तिदाताको बारेमा बताउनु भएको छ?..................................................

३. के तपाईंसग बाइबल अथवा यसमा आधारित अरू कुनै पुस्तक छन्?..................................................

४. परमेश्वरले संसारको मुक्तिदाताको आमा हुन कसलाई चुन्नु भयो?..................................................

५. मरियमकी दिदीको नाम के थियो?
..................................................................

६. स्वर्गदूतहरूले यूसुफलाई के भने?
...................क. मरियमसंग भएको मंगनी तोडिदिनू।
...................ख. मरियमसंग विवाह गर्नू, उनको गर्भमा भएको बालक पवित्र आत्माबाटकै हुनुहुन्छ।
...................ग. मरियमलाई भुलिदिनू।

७. परमेश्वरको उत्तम वरदान के हो ?

............क. खुशीयाली

............ख. स्वास्थ्य

............ग. मुक्तिदाता येशू खीष्ट, जसले अनन्त जीवन दिनुहुन्छ ।

कृपया यो 'उत्तर पृष्ठ' इन्टरनेशनल कोरेस्पोण्डेन्स इन्स्टिट्यूट-को ठेगानामा पठाउनुहोला । हामी यसलाई जाँचीसकेपछि पाठ २ र ३ को साथमा फिर्ता गरिदिनेछौं ।

प्रिय आई. सी. आई. विद्यार्थी,

तपाईंले प्रभु येशू खीष्टको जीवन सम्बन्धी अध्ययनमा रुचि लिनु भएको लागि हामी अत्यन्तै खुशी छौं ।

जब तपाईं यो पाठ हामीकहाँ पठाउहुनुन्छ, यसको साथसाथै प्रभु येशू खीष्ट सम्बन्धी जान्न चाहने अरू इच्छुक मित्रहरू छन् भने तलको रिक्त स्थानमा नाम र पूरा ठेगाना लेखी पठाउनुहोस् र उनीहरूलाई पनि हामी पाठ्यक्रम पठाउन सक्नेछौं ।

धन्यवाद !

नाम..................................................................

ठेगाना : गा. पं. .............................................. वडा नं........

हुलाक..................... जिल्ला..................... अञ्चल............

नाम..................................................................

ठेगाना : गा. पं. .............................................. वडा नं........

हुलाक..................... जिल्ला..................... अञ्चल............

धन्यवाद !

आई.सी.आई.को पाठको अध्ययनमा परमेश्वरले तपाईंलाई प्रशस्त आशिष दिऊन् ।

तपाईंको मित्र,

**आई. सी. आई.**

## उत्तर लेख्नुहोस

तल दिइएका प्रश्नको तीनवटा उत्तर हुन सक्छन् । उत्तरको अगाडि सही [✓] चिन्ह लगाउनु होस् ।

१. कुन इनाम तपाईं चाहनु हुन्छ ?

..................(क) धन-सम्पत्ति

..................(ख) लोकप्रियता

..................(ग) यस्तो मित्र जस्ले तपाईंलाई अनन्त आनन्द दिन सक्नु हुन्छ

## परमेश्वरको प्रतिज्ञा

उत्तम वरदान कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा साँच्चैनै तपाईं जान्न चाहनु हुन्छ होला । परमेश्वरले धर्मशास्त्र बाइबलमा यसबारे वर्णन गर्नु भएको छ । यस पुस्तकलाई हामीहरू परमेश्वरको वचन भन्दछौं किनकि परमेश्वरले जुन जुन कुरा आफ्ना भक्तजनहरूलाई बताउनु भयो उनीहरूले त्यही त्यही कुराहरू लेखे ।



प्रभु येशू ख्रीष्टको जन्म हुनुभन्दा सयकडौं वर्ष अघि परमेश्वरले अगमवक्ताहरूलाई पछि हुन आउने कुराहरू बताउनु भएको थियो । ती भक्तजनहरूले परमेश्वरको यस्तो सन्देश बाइबलको प्रथम भागमा लेखे । परमेश्वरले आफ्नो पुत्रलाई संसारको मुक्तिदाता हुनलाई पठाउँछु भनी प्रतिज्ञा गर्नु भएको थियो । त्यसकारण अगमवक्ताहरूले यसप्रकार लेखेका छन् :–

* मुक्तिदाताको जन्म बेतलेहेम शहरमा हुनेछ ।
* मुक्तिदाताको जन्म एक कन्याको गर्भदेखि हुनेछ ।
* मुक्तिदाता दाऊद राजाको वंशमा जन्मनु हुनेछ ।

## उत्तर लेख्नुहोस

२. कुन धर्मशास्त्रमा परमेश्वरले मुक्तिदाताको बारेमा बताउनु भएको छ ?

...............................................................

३. के तपाईंसंग बाइबल अथवा यस सम्बन्धी कुनै अरू पुस्तक छन् ?

...............................................................

# स्वर्गदूत र मरियम

प्रभु येशू खीष्टको जन्म हुनुभन्दा ६७५ वर्ष अघि यशैया भन्ने अगमवक्ताले यसप्रकार लेखेकाछन् :-

"हेर कन्या गर्भवति हुनेछिन् र तिनले एउटा छोरा जन्माउनेछिन् र उहाँको नाउँ इमानुएल राखिनेछ।"— यशैया ७:१४



इमानुएलको अर्थ हो "परमेश्वर हामीसंग हुनुहुन्छ।" आखिरमा यो समय आइपुग्यो र परमेश्वरले आफ्नो प्रतिज्ञा पूरा गर्नु भयो। झण्डै २००० वर्ष अघि परमेश्वरले आफ्नो एक स्वर्गदूतलाई समाचार सहित स्वर्गबाट पृथ्वीमा एक मरियम नाम गरेकी कन्याकहाँ पठाउनु भयो। मरियमले अनुभव गरेका घटनाहरूलाई लूका नाम गरेका एकजना वैद्य (डाक्टर)ले बाइबल धर्मशास्त्रमा यसप्रकारले वर्णन गरेकाछन् :

परमेश्वरले आफ्नो एक प्रधान स्वर्गदूत गब्रिएललाई गालीलको नासरत नाउँको सहरमा पठाउनु भयो। यो खबर दाऊद राजाको बंशकी एक कन्या मरियमकहाँ पठाइएको थियो र जस्को मंगनी यूसुफसंग भएको थियो। स्वर्गदूत मरियमकहाँ आएर भने "तिमीलाई शान्ति होस्" परमप्रभु तिमीसंग हुनुहुन्छ र तिमी उहाँको कृपाका पात्र भएकी छौ।"

मरियमले स्वर्गदूतबाट यो सन्देश सुनेपछि तिनी ज्यादै घबराइन् र यो कस्तो किसिमको सन्देश होला भनी अचम्म मानिन्। अनि स्वर्गदूतले तिनलाई भने, "नडराउ मरियम किनभने तिमीले परमेश्वरबाट निगाह प्राप्त गरेकी छौ। अब हेर तिमी गर्भवति हुनेछौ र एउटा छोरा जन्माउनेछौ र तिमीले उहाँको नाम येशू राख्नू। उहाँ महान् हुनुहुनेछ र परमप्रधानका पुत्र कहलाइनु हुनेछ र परमप्रभु परमेश्वरले उहाँलाई उहाँको पूर्खा दाऊदको सिंहासन दिनु हुनेछ। उहाँले याकूबको घराना माथि सदा सर्वदा राज्य गर्नु हुनेछ र उहाँको राज्यको अन्त हुनेछैन।"

तर मरियमले दूतलाई भनिन्, "त्यो कसरी होला ? किनकि मेरो विवाह भएको छैन।" दूतले तिनलाई जवाफ दिएर भने, "पवित्र आत्मा तिमीमाथि आउनु हुनेछ। औ परमप्रभुको शक्तिले तिमीलाई छायाँ पार्नेछ। यसैकारण जो जन्मनु हुनेछ सो पवित्र अर्थात परमेश्वरका पुत्र कहलाइनु हुनेछ। हेर, तिम्रो नातेदार इलीशिवाले पनि तिनको बूढेस कालमा छोरो गर्भ-धारण गरेकी छन् र जो बाँझी कहलाएकी थिइन् तिनी अहिले छैटौं महीनामा छिन्। किनकि परमेश्वर तर्फबाट हुने कुनै कुरो असम्भव हुँदैन।" अनि मरियमले भनिन्, 'हेर्नुहोस म परमप्रभुको दासी, मलाई तपाईंको वचन अनुसार होस्।" तब दूत तिनीबाट बिदा भए। (लूका १:२६-३८)

परमेश्वरको अर्को नाम "प्रभु" हो । मरियमले यी सबै घटनाहरू राम्रोसंग बुझेकी त थिइनन् ता पनि प्रभुको एक विश्वासयोग्य दासी भएकीले प्रभुको इच्छा पूरा गर्न उनी तयार भइन् ।

**तलको उत्तर लेख्नुहोस्**

४. परमेश्वरले संसारको मुक्तिदाताको आमा हुनलाई कसलाई चुन्नु भयो ?

........................................................................

## मरियम र इलीशिबा

स्वर्गदूतबाट यस्तो सन्देश पाइसकेपछि मरियमले आफ्नो शरीरमा एउटा अश्चर्यकर्म भएको अनुभव गरिन् । उनीबाट एउटा पुत्र पैदा हुनेवाला थियो, जसको संसारिक पिता थिएन । परमेश्वरले आफ्नो पुत्र, मुक्तिदाता प्रभु येशूको आमा हुनलाई मरियमलाई चुन्नुभएको थियो । तर मरियमको सामु एक भयानक समस्या खडा भयो । मरियमको जीवनमा यी सबै घटनाहरू भएको हो भनी कसले विश्वास गर्ला र ? सिकर्मी पेशा भएको यूसुफ नाउँ गरेको एकजना सज्जन व्यक्तिसंग तिनको मंगनी भइसकेको थियो । मरियम गर्भवती रहिछन् भनेर यूसुफले थाहा पाइसकेपछि उनो अतिनै घबराए । यदि यूसुफले मरियम व्यभिचारिणी रहिछे भनेर बदनाम गरे भने मानिसहरूले तिनलाई ढुङ्गाले हानेर मार्नेछन् । यस्तो अवस्थामा अब मरियमले के गर्ने ?



मरियमले यो कुरा बुझ्न सकून् भनेर परमेश्वरले मरियमकी सानीमाकी छोरी इलीशिबाको जीवनमा गर्नु भएको आश्चर्यकर्म पनि स्वर्गदूतले बताएका थिए । यसैले मरियम आफ्नी दिदी इलीशिबा र उनको लोग्ने जकरियाको घरमा गइन् र त्यहाँ तीन महीनासम्म बसिन् ।

इलीशिबा पवित्र आत्माले भरिन् र चर्को सोरले कराएर भनिन् "तिमी स्त्रीहरूमा धन्य र तिम्रो गर्भको फल धन्य हुनुहुन्छ र यो अनुग्रह मलाई कसरी हुनआयो कि मेरो प्रभुकी आमा म कहाँ आइन् ।"

अनि, "मरियमले भनिन् मेरो प्राणले परमप्रभुको प्रशंसा गर्दछ र मेरो आत्मा परमेश्वर, मेरा मुक्तिदातासंग खुशी भएको छ । किनभने उहाँले आफ्नो दासीको नम्रतामा कृपादृष्टि गर्नुभयो किनभने हेर अब उप्रान्त सबै पुस्ताले मलाई धन्यको भन्नेछन् । किनभने सर्वशक्तिमानले मेरो निम्ति ठूलो काम गर्नु भएको छ ।"

(लूका १:४१-४३, ४६-४९)

मरियम एक जवान सुन्दरी स्त्री थिइन् जो परमेश्वरलाई आराधना चढाउँथिन् अनि उहाँको वचन जान्दथिन्। तिनी बुद्धिमान, दयालु, विश्वासी, आज्ञाकारी, नम्र र असल आचरण भएकी युवती थिइन्। हामी मरियम प्रति कृतज्ञ छौं जसबाट मुक्तिदाता संसारमा जन्मनुभयो। परमेश्वरले मरियमलाई मुक्तिदाताको आमा हुनलाई चुन्नु भएको हो भनेर स्वर्गदूत र इलीशिबा दुबैलाई थाहा थियो। तर तिनीहरूले मरियमलाई पूजा गरेनन् न ता हामी नै यस्तो गर्छौं। मरियमले यसो भनेर आफैलाई मुक्तिदाताको आवश्यकता छ भनी स्वीकार गरिन् "मेरो आत्मा मेरो परमेश्वर, मेरो मुक्तिदातासंग खुशी भएको छ।"

**उत्तर लेख्नुहोस्**

५. मरियमकी दिदीको नाम के थियो ?

..............................................................

## स्वर्गदूत र यूसुफ

मरियम गर्भवती रहिछिन् भनेर यूसुफले थाहा पाइसकेपछि उनले के गरे ?

यूसुफ धार्मिक मानिस भएका हुनाले तिनलाई खुल्लमखुल्ला दोष दिने मन नगरी गुप्त मैं त्याग्ने इच्छा गरे। तर जब उनले यी कुरा विचार गर्दै थिए तब सपनामा परमप्रभुका एउटा दूतले उनलाई यसो भनेर दर्शन दिए, "ए यूसुफ, दाऊदको छोरो, मरियमलाई तिमीकहाँ ल्याउनलाई नडराऊ, किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाटकै हुनुहुन्छ र तिनले एउटा पुत्र जन्माउनेछिन् र तिमीले उहाँको नाउँ येशू राख्नेछौ किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट उद्धार गर्नुहुनेछ।"



अब यूसुफ निद्राबाट ब्यूँझे र परमप्रभुका दूतले तिनलाई भने बमोजिम गरे अनि मरियमसंग विवाह गरे र उनले पुत्र नजन्मिउञ्जेल तिनी संग सहवास गरेनन् र तिनले उहाँको नाउँ येशू राखे।

(मत्ती १:१९-२१,२४,२५)

### उत्तर लेख्नुहोस्

६. स्वर्गदूतले यूसुफलाई के भने ?

..................क) मरियमसंग भएको मंगनी तोडि दिनू

..................ख) मरियमसंग विवाह गर्नू। तिनको गर्भका बालक पवित्र आत्माबाटकै हुनुहुन्छ ।

..................ग) मरियमलाई भुली दिनू ।

## बेतलेहेममा प्रभु येशू ख्रीष्टको जन्म

सिजर अगस्टसले सारा राज्यको जनसंख्या लिनु भन्ने हुकूम गरे । यूसुफ र मरियम दाऊदको घराना र वंशका भएकाले तिनीहरू आ-आफ्नो नाउँ लेखाउनलाई दाऊदको शहर बेतलेहेममा गए। अगमवक्ता मीकाले भनेका थिए कि मुक्तिदाताको जन्म बेतलेहेममा हुनेछ। यूसुफ र मरियमको निम्ति पौवामा कुनै ठाउँ थिएन। तिनीहरूले गाईको गोठभित्र बस्ने ठाउँ भेट्टाए र येशूको जन्म त्यहीं भयो। तब एक स्वर्गदूतले नजीकैका केही गोठालाहरूलाई यो सुसमाचार सुनाए।



"नडराओ किनभने हेर म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु जो सबै मानिसहरूका निम्ति हुनेछ, किनभने दाऊदको शहरमा आज तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ जो ख्रीष्ट प्रभु हुनुहुन्छ र तिमीहरूलाई चिन्ह चाहिं यो हुन्छ, तिमीहरूले एउटा बालकलाई लुगाले बेह्रेको र डूँडमा सुताइराखेको भेट्टाउनेछौ।"

तब एक्कासि ती दूतसंग यसो भनेर परमेश्वरको स्तुति गर्ने स्वर्गीय सेनाको एकदल देखा पर्‍यो : "परमधाममा परमेश्वरलाई महिमा र पृथ्वीमा उहाँ प्रभु प्रसन्न हुनुभएका मानिसहरूलाई शान्ति।" (लूका २:१०-१४)

तब गोठालाहरूले मुक्तिदाता येशू ख्रीष्टलाई डूँडमा सुतिरहेको भेट्टाए। तिनीहरूले यस उत्तम वरदान देखेर परमेश्वरको महिमा र स्तुति गरे। अरू देशहरूबाट केही ज्ञानी ज्योतिषीहरू पनि येशूलाई पूज्न आए। त्यसपछि दुष्ट राजा हेरोदले प्रभु येशूलाई मार्ने षड्यन्त्र गर्‍यो। तर यूसुफ र मरियम प्रभु येशूलाई साथमा लिएर मिश्र देशतिर गए। केही समयपछि तिनीहरू नासरत फर्के र प्रभु येशू त्यहीं नै हुर्कनु भयो।

## उत्तर लेख्नु होस्

७. परमेश्वरको उत्तम वरदान के हो ?

............क) खुशीयाली

............ख) स्वास्थ्य

............ग) मुक्तिदाता प्रभु येशू खीष्ट, जसले अनन्त जीवन दिनु हुन्छ ।

## बधाई

तपाईंले पाठ १ समाप्त गर्नु भएको छ । अब आफ्नो नाम र पूरा ठेगाना साथै यस पाठको प्रश्नहरूको उत्तर "उत्तर पृष्ठ"मा लेखेर तलको ठेगानामा पठाउनु होस् । यसलाई जाँचिसकेपछि पाठ २ र ३ को साथमा फिर्ता गरिनेछ ।

ठेगाना :


**इण्टरनेशनल करेस्पण्डेन्स इन्स्टिट्यूट**

**पो. ब. ब. ४१६**

**काठमाडौं**

**INTERNATIONAL CORRESPONDENCE INSTITUTE**

**P. O. Box 416**

**KATHMANDU**


मुद्रक : विजय प्रेस, मोतिहारी, उ. बिहार । ८४५ ४०१